## प्रतिवेदन

**कार्यक्रमको नाम:** १००% अनुदानमा धानको वीउ वितरण कार्यक्रम
**कार्यक्रम सञ्चालन मिति:** २०७७ बैशाख/जेष्ठ
**कार्यक्रम सञ्चालन स्थल:** म.थि.न.पा.का सबै वडाका कृषकहरु

**परिचय:**

यस मध्यपुरथिमि नगरपालिकाको चालु आ.ब.२०७६/०७७ को स्वीकृत वार्षिक कार्यकम अनुसार लक्षित वर्ग कार्यक्रमको शिर्षक अन्तरगत कृषि शाखा द्वारा सञ्चालन गरिएको १००% अनुदानमा धानको वीउ वितरण कार्यक्रम यस नगरपालिकाका सबै वडाका कृषकहरुका लागि धानको वीउ वितरण कार्यक्रम सम्पन्न गरियो।

यस नगरपालिका अन्तरगत रहेका कृषि क्षेत्रमा संलग्न कृषक समुह, कृषकहरुलाई खाद्यन्न बाली, धानको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने उद्धेश्यले खुमल-१०, र खुमल-८ जातको धानको वीउलाई यस न.पा. का कृषकहरुको माग बमोजिम १००% अनुदानमा वडा कार्यालय मार्फत वितरण गरिएको छ।

**यस कार्यक्रमका लागि संञ्चालन गरिएका कृयाकलापहरु:**

१. कार्यक्रमको तयारी गरिएको,
२. धानको वीउ खरिदका लागि बजेट व्यवस्थापनका लागि बैठक बसि निर्णय गर्ने कार्य गरिएको,
३. कृषि तथा सहकारी संयोजक तथा वडा कार्यालयहरु संग समन्वय गरिएको,
३. कृषकहरुलाई जानकारी गर्ने कार्य गरिएको,
४. धानको वीउको श्रोतको खाजी गर्ने कार्य गरिएको,
५. राष्ट्रिय वीउ विजन कं. लिं. कुलेश्वर संग समन्वय गरि वीउ खरिद गरि ल्याएको,
५. वीउ वितरण गर्नका लागि मिनिकिट प्याकेजिङ्ग गर्ने कार्य गरिएको,
६. सबै वडा कार्यालयका पठाउने/पुर्‍याउने कार्य भएको,

**उपलब्धीहरु:**

यस १००% अनुदानमा धानको वीउ वितरण कार्यक्रम संञ्चालन गरिए निम्न अनुसारको उपलब्धीहरु देखियो।

- यस नगरपालिकाको सबै वडा अन्तरगतका जम्मा **५२३ जना कृषकहरु**ले प्रति मिनिकिट १ के.जी.को दरले **जम्मा ५२३ के.जी. उन्नत** जातको वीउ प्राप्त गरेको।
- COVID-19 को कारण लकडाउनको परिस्थितिमा बजारमा सजिलै धानको वीउ उपलब्ध नभई रहेको अवस्थामा थोरै भए पनि यस मिनिकिट वितरणबाट कृषकहरुले राहतको अनुभाव गरेको,

- कृषकहरुले सिफारिस गरिएको जात, उत्पादकत्व बढि भएको, धाप जग्गामा र सुख्खा सहने जात प्राप्त गरेको,
- उन्नत जातको वीउ मासिदै गएको बेला उन्नत जातको वीउ प्राप्त गरेको,
- यी धानको जातको पराल समेत गाई वस्तुले मन पराउने र पोषिलो समेत हुने,
- हरियो साग पात हुने क्षेत्रमा तरकारी पोष्टहार्भेष्टका लागि यसको पराल उपयोगी हुने,

तसर्थ, यस १००% अनुदानको धानको वीउ वितरण कार्यक्रम बाट थोरै परिमाणमा भए पनि यस कार्यक्रमबाट सम्बन्धित कृषकहरुलाई फाईदा पुगेको र कार्यक्रमको सार्थकता रहेको देखिन्छ ।

प्रतिवेदक:
होमा देवी उप्रेती
बागवानी विकास अधिकृत (छैठौ तह)
कृषि शाखा, म.थि.न.पा. भक्तपुर